नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

जेठ/असार २०७० (June 2013) वर्ष १७/अङ्क १९५

## 'ख्रीष्टमा – सबै थोक तिमीहरूकै हुन्'

- पाष्टर रोबर्ट कार्थक

अय्यूब ८:७ मा विल्दद शुहीले अय्यूबको निम्ति यसरी भविष्यवाणी गरेका थिए, "तपाईंको पहिलेको अवस्था क्षुद्र देखिएता पनि तपाईंको अन्त अति महान हुनेछ ।" यो अगमवाणी पूरा भएको कुरा अय्यूब ४२:१२ मा यसरी लेखिएको छ, 'परमप्रभुले अय्यूबको जीवनको आखिरी समयमा शुरूको समयमा भन्दा बढी आशिष् दिनुभयो । तिनका चौध-हजार भेंडा-बाखा, छ हजार ऊँट, हजार हल गोरू र एक हजार गधा भए ।' अय्यूब १:३ मा बताइएका अय्यूबसँग अघि भएका गाई-वस्तु, भेंडा-बाखाहरूको संख्याभन्दा यो दोब्बर थियो । हामी युगका अन्तिम समयमा बस्ने प्रभुका जनहरू अघि अघिका मानिसहरूभन्दा अत्यन्तै भाग्यशाली छौं कारण प्रभुले हाम्रो समय अघि अघिको समयभन्दा अझ बढी आशिषमयी बनाइदिनुभएको छ । हाग्गै २:९ मा लेखिएको छ, 'यस भवनको पछिको महिमा अघिको भन्दा अझ बढ्ता हुनेछ भनी सेनाहरूका परमप्रभु भन्नुहुन्छ । यस ठाउँमा म शान्ति ल्याउनेछु ।' हिब्रू ११ अध्यायमा विश्वासका वीर योद्धाहरूबारे हामी पढ्न पाउँछौं । ३९-४० मा लेखिएको छ, 'तिनीहरू सबैले आफ्ना विश्वासको निम्ति ठूलो प्रशंसा पाए तर प्रतिज्ञा गरिएका कुराचाहिँ पाएनन् । परमेश्वरले हाम्रा लागि अझ असल योजना राख्नुभएको थियो ताकि हामीसँग मात्रै तिनीहरू सिद्ध तुल्याइऊन् ।' १३ पदले पनि भन्दछ, 'प्रतिज्ञा गरिएको कुरा प्राप्त नगरी यिनीहरू सबै विश्वासैमा मरे ।' ती विश्वासका योद्धाहरूले कोशिषद्वारा पाउन नसकेका आशिष्हरू आज हामीले विश्वासद्वारा खीष्टमा पाएका छौं । तिनीहरूले प्रतिज्ञा मात्र पाए, हामीलाई प्रतिज्ञाको प्रतिफल नै मिलेको छ । प्रतिज्ञाको प्रतिफलको प्रतिक्षामा तिनीहरूले आफ्ना सारा जीवन नै बिताए, हामीले खीष्ट येशूलाई प्राप्त गरेर उहाँमा सबै कुरा अहिले नै पाइसकेका छौं । कानाको विवाह भोजका मुखियाले दुल्हालाई भनेझैं प्रभुले असल दाखमद्य हामी आखिरी पुस्ताकाहरूको निम्ति अहिलेसम्म साँचिराखिदिनुभएको छ ।

यी आशिष्हरू पछि पाउनेछौं भनेर अब हामीले आशा गर्न पर्दैन, अहिले नै पाइसकेका छौं भनेर विश्वास गर्न सक्छौं । हाम्रा निम्ति भविष्यका कुराहरू परमप्रभुको निम्ति भइसकेका कुराहरू हुन् । परमेश्वर पिताले यी आशिष्हरू हामीलाई खीष्टमा दिइसक्नुभएको छ । एफिसी १:३ ले भन्दछ, 'हाम्रा प्रभु येशू खीष्टका परमेश्वर र पितालाई धन्यवाद होस् जसले हामीलाई स्वर्गीय स्थानहरूमा हरेक आत्मिक आशिष्ले खीष्टमा आशीर्वाद दिनुभएको छ ।' 'दिनु हुनेछ' भन्ने प्रतिज्ञा होइन यो, 'दिनुभएको छ' भन्ने तथ्य हो । यो तथ्यमा विश्वास गरेर मात्र हामी हाम्रो व्यक्तिगत अनुभवमा यसलाई सत्यको रूपमा भेटाउन सक्छौं ।

हाम्रो विश्वासले नै तथ्यलाई सत्यमा बदलन्छ, र सत्यले हामीलाई स्वतन्त्र गराउँछ । गलाती ३:९ ले पनि भन्दछ, 'यसकारण विश्वास गर्ने, मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन् । यहाँ पनि 'आशिष् पाउनेछन्' भन्ने प्रतिज्ञा होइन यो 'आशिष् पाएका छन्' भन्ने तथ्य हो ।

परमेश्वर पिताले आशिष् दिन सक्नुहुन्छ अथवा दिनुहुन्छ भनी विश्वास गर्नु एउटा कुरो हो, परमेश्वर पिताले आशिष् दिनुभएको छ भनी विश्वास गर्नु अर्कै कुरा हो । 'दिनु हुनेछ' भनेर विश्वास गर्नेहरू आशिष् कहिले पाइने हो भनेर पर्खिरहन्छन्, 'दिनुभएको छ' भनी विश्वास गर्नेहरू हामीले पाएका छौं भन्ने जानेर धन्यवाद, प्रशंसा चढाइरहेका हुन्छन् । तपाईंचाहिँ कुन थरी ? 'पाउनेछौं' भनेर पर्खिरहने कि 'पाएका छौं' भनेर धन्यवाद चढाउने ?

प्रार्थनाको सम्बन्धमा पनि प्रभु भन्नुहुन्छ, – 'यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जे सुकै माग्छौ सो पाएका छौ भन्ने विश्वास राख र त्यो तिमीहरूको हुनेछ (मर्कूस ११:२४) । पाउने छौं भन्ने आशाले जहिले पनि प्रार्थनाको उत्तरलाई हामीबाट टाडो भविष्यमा नै राख्तछ । पाएका छौं भन्ने विश्वासले प्रार्थनाको उत्तर हाम्रो नजीकै वर्त्तमानमा हाम्रो हातमै राखिदिएको हुन्छ । १ यूहन्ना ५:१५ ले पनि भन्दछ, 'हामीले प्रार्थनामा जेसुकै मागेता पनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ ।' १४ पदमा हामी पढ्छौं, '...उहाँको इच्छाबमोजिम जे मागेतापनि उहाँले हाम्रो सुन्नुहुन्छ ।' प्रार्थना सुनेर प्रार्थनाको उत्तर दिनुहुने परमेश्वर पिताबाट हाम्रो प्रार्थनाको सुनुवाई भइसकेको छ भन्ने थाहा पाएपछि प्रार्थनाको उत्तर उहाँबाट आउने कुरामा हामी पूरा निश्चित बन्न सक्छौं ।

लाजरसको चिहानबाहिर राखिएको ठूलो ढुङ्गो हटाउने आदेश प्रभुबाट पाएपछि मार्थाले भनिन्, "हे प्रभु, यस बेलासम्म त त्यो गन्हाउन लागिसक्यो होला किनकि त्यो मरेको चार दिन भइसक्यो ।" येशूले तिनलाई भन्नुभयो, "के मैले तिमीलाई भनेको होइन, तिमीले विश्वास गऱ्यौ भने परमेश्वरको महिमा देख्नेछौ ? (यूहन्ना ११:३९-४०) । आफ्नै आँखाले देखेपछि

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| जेष्ठ २५ गते<br>जुन ८ ता. | पा. रोबर्ट कार्थक<br>पा. प्रेम श्रेष्ठ | डीकन<br>मान बहादुर मगर | पाष्टर<br>अशोक मुखिया | पाष्टर<br>सामुएल कार्थक | पाष्टर<br>दफ्तन सादा | डीकन<br>श्याम कृष्ण रंजित | डीकनेस्<br>ग्रेस खालिङ |
| असार १ गते<br>जुन १५ ता. | पाष्टर<br>सामुएल कार्थक | डीकन<br>सुरेश पुरकोटी | डीकन<br>घन श्याम दाहाल | श्री<br>मार्क ग्याल्पिन | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>बाबु राम के.सी. | श्री<br>छयोगेन रोंगोंग |
| असार ८ गते<br>जुन २२ ता. | एल्डर<br>सामुएल क्षेत्री | पाष्टर<br>अशोक मुखिया | डीकन<br>जेम्स राई | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| असार १५ गते<br>जुन २९ ता. | डीकन<br>घनश्याम दाहाल | पाष्टर<br>प्रेम श्रेष्ठ | श्री<br>अयुब तुलाधर | डीकन<br>जनक लाल श्रेष्ठ | श्री<br>प्रेम बहादुर ठकुरी | श्री<br>नवराज के.सी. | श्री<br>अन्जान घले |
| असार २२ गते<br>जुलाई ६ ता. | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | श्री<br>सरुष मान तामाङ्ग | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पा. राजेन्द्र रोंगोंग<br>पा. दफ्तन सादा | श्री<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>सिमोन खालिङ |

मात्र विश्वास गर्छौं भन्ने थोमाहरूलाई प्रभु भन्नुहुन्छ, आँखाले देखेपछि विश्वास गर्ने कुरै उठ्दैन । आँखाले देखेपछि मलाई प्राप्त भइसकेको छ भन्ने कुरा थाहा पाइहालिन्छ फेरि किन विश्वास चाहियो ? परमेश्वरको महिमा देख्नु हो भने हामीले उहाँमा र उहाँको सामर्थमा विश्वास गर्नुपर्छ । हामी विश्वासीहरू दृष्टिले होइन तर विश्वासले हिँड्ने प्राणीहरू हौं (२ कोरिन्थी ५:७) ।

परमेश्वर पिताले हामीलाई खीष्टमा सबै आशिष्हरू दिइसक्नुभएको छ । हाम्रो आत्मा, प्राण, शरीरका लागि चाहिने सबै आशिष्हरू हामीलाई खीष्टमा प्राप्त भइसकेको छ । खीष्ट येशूमा हामीलाई दिइएको मुक्ति भित्रनै आत्माको लागि मुक्ति, पाप-क्षमा, स्वर्ग जाने निश्चयता, पुत्रत्वको अधिकार र अरू सबै आत्मिक आशिष्हरू राखिएका छन् । प्राणको लागि शान्ति, आनन्द, छुट्कारा, स्वतन्त्रता, शुद्धता, पवित्रता, साहस, धीरज, ज्ञान, बुद्धि र अरू मानसिक आशिष्हरू साथै शरीरको लागि भोजन-वस्त्र, धन-सम्पत्ति, स्वास्थ्य, चंगाई-आरोग्यता, बल, शक्ति, सामर्थ, उन्नति इत्यादि सबै भौतिक आशिष्हरू यही मुक्तिभित्र नै छन् । यी सबै कुराहरू हामीलाई खीष्टमा प्राप्त भइसकेको छ । अब फेरि उहाँले दिइसक्नुभएका कुराहरू नै 'दिनुहोस्' भनेर माग्नुको सट्टामा 'यी आशिष्हरू दिनुभएको लागि धन्यवाद पिता ! भन्दै विश्वासको हात बढाएर यी आशिष्हरू लिई उपभोग गर्दै जानु नै सफल खीष्टिय जीवनको विशेषता हो ।

'जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुने छैन र ?' (रोमी ८:३२) ।

**परमप्रभु परमेश्वर भन्नुहुन्छ, "सबै थोक तिमीहरूकै हुन् ।" के तपाईं विश्वास गर्नुहुन्छ ?**

## साप्ताहिक सेवा र संगति विवरण

| कार्यक्रम | बार | समय | स्थान | |
|---|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, साहुगाउँ र धापासी | |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, नगरकोट, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) | |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ | |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल | |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा | |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोंगबू, गाम्छा, सुन्दरीजल<br>जोरपाटी | |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन | बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार | |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाङ्लेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर | |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान , ताहाचल | |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैसेपाटी, कमलाक्षी, ताहाचल | |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ | |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश | दिउँसो ३:०० बजे पनौती |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा | साहुगाउँ |
|---|---|---|---|---|---|---|---|---|
| **जेष्ठ २५ गते** जुन ८ ता. | पाष्टर महेश थाँजु | एल्डर अष्ट श्रेष्ठ | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा गोंगबूँ मण्डली | डीकन बेन्जामिन तामाङ्ग | एल्डर धन ब. तामाङ्ग |
| **असार १ गते** जुन १५ ता. | पाष्टर रोबर्ट कार्थक | **संयुक्त सेवा-जोरपाटी चर्च** | | सुश्री दिल कुमारी तामाङ्ग | डीकनेस् अमृता कार्थक | श्री तितस सापकोटा | श्रीमती रीना तामाङ्ग | डीकनेस् आशमाया तामाङ्ग |
| **असार ८ गते** जुन २२ ता. | एल्डर गोपी राई | एल्डर अष्ट श्रेष्ठ | डीकन नर बहादुर श्रेष्ठ | एल्डर जमान तामाङ्ग | पाष्टर सामुएल कार्थक | श्री लाक्पा लामा | डीकनेस् निर्मला ढुङ्गेल | एल्डर धन ब. तामाङ्ग |
| **असार १५ गते** जुन २९ ता. | पाष्टर महेश थाँजु | श्री लाक्पा लामा | एल्डर दानिएल सापकोटा | एल्डर जमान तामाङ्ग | श्री जय सिंह | डीकनेस् नविना लिम्बू | श्री कुमार सेन्चुरी | डीकनेस् आशमाया तामाङ्ग |
| **असार २२ गते** जुलाई ६ ता. | एल्डर जमान तामाङ्ग | एल्डर अष्ट श्रेष्ठ | पाष्टर महेश थाँजु | श्री लाक्पा लामा | पाष्टर एल.पी. न्यौपाने | पाष्टर बर्णबास श्रेष्ठ | संयुक्त सेवा गोंगबूँ चर्च | एल्डर धन ब. तामाङ्ग |


## हार्दिक बधाई



वैशाख २४ गते/मे ७ ता. मंगलबार नेइम ललितपुर मण्डलीकी सदस्या सुश्री सविता दाहाल र रामघाट ख्रीष्टिय मण्डलीका सदस्य श्री टोप बहादुर गुरूङ्गको नेइम ललितपुर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती टोप बहादुर/सविता गुरूङ्ग लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



जेठ १२ गते/मे २६ ता. आइतबार नेइम गोंगबूँ मण्डलीको सदस्यहरू श्री अमर लम्जेल र सुश्री रमिता (जेसिका) तामाङ्गको नेइम गोंगबूँ मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती अमर/जेसिका लम्जेल लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



पुनेको यूनिएन बिब्लीकल सेमिनारीबाट नेइम ज्ञानेश्वर मण्डलीको सदस्य डीकन घनश्याम दाहालले ४ वर्षे बाइबल धर्मशास्त्रमा स्नातकतह (बी.डी.) सफलतापूर्वक पूरा गरी फर्कनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।



वैशाख २२ गते/मे ५ ता. आइतबार नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री अय्यूब तुलाधरले नेपाल थियोलोजीकल कलेज सातदोबाटोबाट सफलतापूर्वक बी.टी.एच.तहमा दीक्षित हुनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जानकारी

वैशाख २३ गते/मे ६ ता. सोमबार नेइम ज्ञानेश्वर मण्डली अन्तरगत नेइम काटाकुटी मण्डली भवन उद्घाटन तथा अर्पण गरियो ।

जेष्ठ ११ गते/मे २५ ता. शनिबार नेइम ललितपुर मडलीमा १४ जना विश्वासीहरूले समर्पण गर्नुभयो ।

जेष्ठ ५ गते/मे १९ ता. आइतवार नेइम गोंगबूँ मण्डली अन्तरगत नेइम रसुवा मण्डली भवन उद्घाटन तथा अर्पण गरियो ।



जोरपाटी बस्नुहुने श्री सावित्रा नेपाल ३५ वर्षको उमेरमा वैशाख २६ गते/मे ९ तारिक बिहीबार प्रभुमा सुत्नुभयो ।

## प्रार्थनाका विषयहरू

१. परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति निरन्तर प्रार्थना गरौं । जसको फलस्वरुप सबै क्षेत्रमा शान्ति, मिलाप, समझदारी, सुधार, उन्नति आएको होस् साथै समयमा नै संविधान सभाको चुनाव भई संविधान बन्न सकून् ।

२. सबै विश्वासीले आ-आफ्ना ठाउँहरूमा सुसमाचारको काम अझ जोडतोडले गर्न सकून् साथै सुनाएका सुसमाचार बाँडिएका पर्चाद्वारा धेरै मानिसहरूले ख्रीष्ट येशू प्रभुलाई व्यक्तिगत प्रभु अनि मुक्तिदाता भनेर ग्रहण गर्न सकून् ।

४. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

५. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरूमा सेवकाइ गरिराख्नुभएका सम्पूर्ण सेवक/सेविकाहरू साथै विभिन्न देशहरूमा मिशनरी भएर जानुभएकाहरूको लागि पनि प्रार्थना गरिदिऔं ।

६. पवित्र आत्माको बप्तिस्मा र भरपुरीको आशिषमा हामी सबै विश्वासीहरू आशिषित भई परमेश्वरको माहिमाको निम्ति साक्षी र गवाही बन्न सकौं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | १९ 2<br>मण्डलीमा विभिन्न क्षेत्रमा सेवकाइ पुऱ्याइराख्नुभएका सेवक/सेविकाहरूको व्यक्तिगत,परिवार र सेवकाइमा आशिष मागिदिऔं ।<br>**मत्ती ६:३१-३३** | २६ 9<br>अगुवाको स्थानमा रहनुभएकाहरूले उदाहरण भएर आफ्नो बगालको हेरचाह गर्दै परमेश्वरसँग डोऱ्याउन सकून् ।<br>**१ पत्रुस ५:३** | २ 16<br>सारा संसारका मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी जानेर विश्वास गर्न सकून् ।<br>**यशैया ४५:१८-२५** | ९ 23<br>नेपालभरि रहेका मण्डलीहरूमा पवित्र आत्माको काम अझै बढेर गएको होस् र सम्पूर्ण मण्डली पवित्र आत्माले भरिँदै जान सकून् ।<br>**मर्कूश १६:२०, एफिसी ५:१८** | १६ 30<br>नेपाल देशका पाष्टर तथा अगुवाहरूको सेवकाइको लागि बल, साहस र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>**यहोशू १:६-९** |
| **सोमबार Monday** | २० 3<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रुपमा चढाएका प्रार्थनाको उत्तर पर्खन, उत्तर पाएकोमा साथै उत्तर नपाएकोमा पनि सधैं धन्यवादी हुन सकौं ।<br>**१ थेसलोनिकी ५:१६-१८** | २७ 10<br>प्रत्येक परिवारले आफ्नो परिवारमा प्रभुलाई पाहुना होइन तर प्रभु मानी आदर दिनेहरू हुन सकून् ।<br>**भजनसंग्रह ९६:७-१०** | ३ 17<br>सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् ।<br>**यशैया ५४:१०, यर्मिया ३१:१६** | १० 24<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>**लूका ६:३७, रोमी १५:१-७** | १७ July 1<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिमा सधैं धन्यवादी भई जिउनको लागि परमेश्वरको अनुग्रह मागौं ।<br>**१ थेसलोनिकी ५:१६-१९** |
| **मंगलबार Tuesday** | २१ 4<br>पूर्णकालिन सेवक/सेविकाहरू मण्डलीलाई हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>**एफिसी ५:६-७** | २८ 11<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>**भजनसंग्रंह १४५:१७-२०** | ४ 18<br>मण्डलीलाईअगुवाइ गरिरहनुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>**भजनसंग्रह १०३:७** | ११ 25<br>आफूले पाएको विभिन्न वरदानहरू विश्वास, प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>**रोमी १२:३-८, १ कोरिन्थी १३:१-३** | १८ 2<br>हामी सबै ख्रीष्ट प्रभुलाई जीवनको अन्तिम घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउनको लागि अनुग्रह मागौं ।<br>**२ तिमोथी ४:१-८** |
| **बुधबार Wednesday** | २२ 5<br>घरेलु संगतिहरू अझै बढेर, फैलिएर जान सकून् र अगुवाइ गर्नको लागि अगुवाहरूको कमि नभएको होस् ।<br>**यशैया ५४:२-३, मत्ती ९:३६-३८** | २९ 12<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू ख्रीष्टको भएर जिउनको लागि बप्तिस्माको कदम उठाउन सकून् ।<br>**२ कोरिन्थी ५:१५** | ५ 19<br>मण्डलीमा थपिरहनुभएका नयाँ आत्माहरूलाई प्रभुमा हुर्काउनको लागि सबैजना बोझसहित लागिपर्न सकौं ।<br>**मत्ती २८:१८-२०** | १२ 26<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार हुन सकून् ।<br>**लूका ६:३८, १ कोरिन्थी १६:१४** | १९ 3<br>हामी आफ्नो परिवारको लागि मात्र होइन तर अरूको लागि पनि प्रार्थना, सहायता, वास्ता गर्नेहरू भई आशिषको कारण बन्न सकौं ।<br>**गलाती ६:१०** |
| **बिहीबार Thursday** | २३ 6<br>प्रत्येक शनिवार आराधना सेवामा सुनेका वचनमा हामी सबैजना अज्ञाकारी हुँन सकौं ।<br>**मत्ती ७:२४-२७** | ३० 13<br>मण्डलीका सबै जवानहरू प्रभुमा समर्पित भएर जिउनको लागि पवित्र आत्माले नै सहयता गरुन् ।<br>**१ यूहन्ना २:१४, ४:४** | ६ 20<br>मण्डलीका सबै विश्वासीहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकोस् ।<br>**मत्ती ५:१३-१६** | १३ 27<br>बेथानी आश्रममा बस्नुभएका बज्यैहरू साथै मण्डलीका सबै वृद्ध/वृद्धाहरूका लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ४६:३-४** | २० 4<br>मण्डली परिवारका सबै सदस्यहरू एक आपसमा परमेश्वरले दिनु भएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून् ।<br>**कलसी ३:१३-१७** |
| **शुक्रबार Friday** | २४ 7<br>आराधना सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गरी आशिषित हुन सकून् ।<br>**लेवी २६:१२-१३** | ३१ 14<br>सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>**भजनसंग्रह २३:५** | ७ 21<br>मण्डलीमा प्रत्येक शनिबार आउनुहुने नयाँहरूले ख्रीष्ट येशू प्रभुलाई साँचो हृदयले प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् ।<br>**यशैया ४५: २०-२५,प्रेरित ४:१२** | १४ 28<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएरआउन सकौं ।<br>**उपदेशक ५:१-६** | २१ 5<br>आराधना सेवामा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुरा हटेर गएको होस् ।<br>**२ इतिहास २०:२१-३०** |
| **शनिबार Saturday** | २५ 8<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>**यर्मिया ३१:१०-११** | १ असार 15<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि प्रार्थना गरिदिऔं ।<br>**यशैया ४५:१-७** | ८ 22<br>लागु पदार्थ, जाँड रक्सी, चुरोट तथा अरू विभिन्न किसिमका बन्धनमा फसेका सबैले छुट्कारा पाई आशिषित जीवन जिउन सकून् ।<br>**कलस्सी २:२१-२३** | १५ 29<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा मण्डलीका सबै विश्वासीहरूको लागि प्रभुबाटको प्रशस्त आशिष मागिदिऔं ।<br>**यशैया ४२:६-७** | २२ 6<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटी चढाउने काममा सधैं मण्डली परिवार इमान्दार भइराख्न सकून् ।<br>**भजनसंग्रह १२१:१-८** |

## उहाँको बाटो हेर्नेहरूका निम्ति काम गर्नुहुने तपाईबाहेक अरू कोही परमेश्वर छ भनी कसैले प्राचीनकालदेखि नै कहिल्यै सुनेको छैन, नता कानले सुनेको छ, न आँखाले देखेको छ ।

**यशैया ६४:४**